# अनौपचारिक शिक्षा कार्यक्रम
# कानूनी साक्षरता




National Federation of UNESCO Associations in Japan

अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपाल
तालिछखेल, सातदोबाटो, ललितपुर

२०७२

## दुई शब्द

सामुदायिक अध्ययन केन्द्रहरुले समुदायका मानिसहरुलाई कानूनी साक्षरता बारे जानकारी गराउने उद्देश्यले यो पुस्तक तयार गरिएको छ । यो पुस्तक साक्षरता/साक्षरोत्तर कक्षामा सहभागीहरुलाई कानूनी साक्षरता बारे ज्ञान, सूचना सहयोगी कार्यकर्ता मार्फत् प्रदान गरिने छ । त्यसैले यो पुस्तक कक्षाका सहयोगी कार्यकर्ताहरुलाई १/१ प्रति उपलब्ध गराइने छ । सहयोगी कार्यकर्ताले सहभागीहरुको रुची अनुसारको विषयबारे छलफल गरी पुस्तकमा दिइएका विषयहरु सिकाउनु पर्ने छ । साक्षरता/साक्षरोत्तर कक्षाकै अवधि भित्र कहिले काहिं वा हप्ताको १ पटक यो विषयबारे छलफल गर्नु राम्रो होला ।

यो पुस्तक तयार गर्दा प्राप्त राय सुझावको लागि कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक), ललितपूरलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

दिल बहादुर श्रेष्ठ
कार्यकारी निर्देशक

## विषय सूची


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १ | बाल विवाह | १ |
| २ | बहु विवाह | ४ |
| ३ | सम्बन्ध विच्छेद | ६ |
| ४ | घरेलु हिंसा | ८ |
| ५ | अपुताली सम्पत्ति | १२ |
| ६ | मानव बेचविखन तथा ओसारपसार | १३ |
| ७ | बाल अधिकार | १६ |
| ८ | नागरिकताको प्रमाण पत्र | १८ |
| ९ | **व्यक्तिगत घटना दर्ता** | |
| | – जन्म दर्ता | २२ |
| | – विवाह दर्ता | २४ |
| | – मृत्यु दर्ता | २६ |
| | – नाता प्रमाणित दर्ता | २७ |
| | – बसाइ सराई दर्ता | २८ |
| | – सम्बन्ध विच्छेद दर्ता | ३० |
| | – हदम्याद | ३१ |

# बाल विवाह



**१३ बर्ष**को उमेरमा
कोपिलाको विवाह भयो ।



**२ बर्ष पछि**
उनी एक छोराकी आमा बनिन् ।



**५ बर्ष पछि**
सन्तान बढ्दै गयो
शरीर घट्दै गयो ।



**फेरि ७ बर्ष पछि**
सानो उमेरमा विवाह भएकोले धेरै
सन्तान जन्म भयो ।
त्यसैले उनी बिरामी भई धेरै दुःख पाइन् ।

**कोपिलाको दुःखबाट सबैले कुरा बुझौं**
**बाल बिवाह गर्नु हुन्न यो कुरा चाहिं सोचौं ।**

## बाल विवाहले स्वास्थ्यमा पर्ने असरहरु

- सानो उमेरमा शरीर पूरा विकसित भएको हुँदैन । सानो उमेरमा बच्चा पाएमा आमाको स्वास्थ्यमा नराम्रो असर पर्छ ।
- सानो उमेरमा बच्चा जन्मिँदा आमा र बच्चा दुबैको लागि खतरा हुन सक्छ ।

## थाहा पाइ राखौं ।

- बाल विवाह कानूनी अपराध हो ।
- बाल विवाह गराउनेलाई जेल सजाय र जरिवाना दुबै हुन सक्छ ।
- केटा केटीको उमेर विवाह गर्नको लागि २० वर्षको हुनु पर्दछ ।
- बाल विवाहमा संलग्न व्यक्तिहरु सबैलाई सजायको व्यवस्था गरेको छ ।
- बाल विवाह जोसुकैले देख्ने व्यक्तिले सम्बन्धित नजिकको प्रहरी चौकीमा गएर उजुरी गर्न सक्दछ ।

## कानूनी व्यवस्था थाहा पाइ राखौं ।

**सजाय :**

- १० वर्ष नपुगेको बालबालिकालाई विवाह गरे गराए ६ महिना देखि ३ वर्ष सम्म कैद र एक हजार देखि दश हजार रुपैया सम्म जरिवाना हुन्छ ।
- १० वर्ष भन्दा माथि तर १४ वर्ष नपुगेको केटाकेटीको विवाह गरे गराएको रहेछ भने ३ महिना देखि १ वर्ष सम्म कैद र पाँच हजार सम्म जरिवाना हुने व्यवस्था गरेको छ ।

- १४ वर्ष माथि १८ वर्ष मुनिकी बालिकालाई विवाह गराएमा ६ महिनासम्म कैद वा दश हजार रुपैया सम्म जरिवाना वा दुबै हुन सक्छ ।
- २० वर्ष उमेर नपुगेको केटा र केटा बीच विवाह गराएको रहेछ भने ६ महिना सम्म कैद वा दश हजार रुपैया सम्म जरिवाना दुवै सजाय हुन्छ ।
- ऐनले विवाह गर्न पाउने हद भित्रको हो भनि ढाटी विवाह गरे गरी दिएको नजानि विवाह गर्ने गराउनेलाई चाहीँ सजाय हुँदैन ।
- विवाह गर्न गराउन नहुनेमा जानी जानी विवाहको काम गर्ने पुरोहित, लमि र अरु मद्दतीहरुमध्ये उमेर पुगेकालाई एक महिना सम्म कैद वा एक हजार रुपैयासम्म जरिवाना ।
- विवाह भइनसकेको तर रीत दस्तुर बुझाई विवाहको कुरा छिनी सकेको रहेछ भने कुरा छिन्ने मुख्यलाई रु पाँच सय सम्म जरिवाना गरी छिनी सकेको विवाह बदर गरिदिनु पर्दछ ।

**छलफल गर्नुहोस् ।**

बाल विवाह हुन लागेको अवस्थामा बाबु आमालाई कसरी सम्झाउनु पर्ला ? छलफल गर्नुहोस् ।

# बहु विवाह




विवाहित लोग्ने मानिसको एउटी श्रीमती हुँदाहुँदै अर्की श्रीमती ल्याएमा वा राखेमा यसलाई बहु विवाह भनिन्छ । बहु विवाह महिलाप्रति गरिने हिंसा हो ।

**बहु विवाह गरेमा के कति सजायँ हुन्छ ?**

बहु विवाह भएको थाहा पाएको मितिले ३ महिना भित्रमा प्रहरीमा उजुरी दिनुपर्छ । यसरी उजुरी दिएमा श्रीमान् र कान्छी (सौता) दुबैलाई १ वर्ष देखि ३ वर्षसम्म कैद र रु. ५००० देखि रु. २५००० सम्म जरिवाना हुन्छ ।


**पुरुषले कुन अवस्थामा कानूनी रुपले बहु विवाह गर्न सक्दछन् :**

१.श्रीमती निको नहुने गरी यौन सम्बन्धी कुनै सरुवा रोग लागेमा ।
२.श्रीमती निको नहुने गरी बौलाहा भएमा ।
३.श्रीमती हिडडुल गर्न नसक्ने भएमा ।
४. श्रीमतीले श्रीमान्सँग अंश लिई भिन्न बसेमा ।
५.श्रीमतीले श्रीमान्सँग सम्बन्ध विच्छेद गरेमा ।

**छलफल गर्नुहोस् ।**

बहु विवाहले परिवारमा के कस्तो असर पार्छ होला ?छलफल गर्नुहोस् ।

# सम्बन्ध विच्छेद



रुपाको श्रीमान् सधैंजसो रक्सी खान्थे । उनले श्रीमान्लाई रक्सी नखान धेरै बिन्ती गरिन् तर केही लागेन । श्रीमान्को बानीले उनलाई दुःख भयो । दैनिक जीवन बिताउन गाह्रो भयो । सँधैजसो कुटपिट गर्न थाले । ज्यान खतरा भयो । उनीसँग सम्बन्ध विच्छेद गर्नु बाहेक अरु उपाय देखिएन् ।

**सम्बन्ध विच्छेदका अवस्थाहरु :**

**श्रीमतीले सम्बन्ध विच्छेद गर्न सक्ने अवस्था**

१.श्रीमान्ले अरु स्वास्नी ल्याएमा, घरबाट निकालेमा, खान लाउन नदिएमा ।
२.श्रीमान्ले ३ वर्षभन्दा बढी श्रीमतीलाई छोडी अलग बसेमा ।
३.श्रीमान्ले शारिरीक वा मानसिक कष्ट हुने गरी कुटपिट गरेमा ।
४.श्रीमान्ले अरु स्त्रीसँग करणी गरेको ठहरेमा ।
५.श्रीमान्लाई निको नहुने गरी यौन रोग लागेमा ।

**त्यस्तै गरी श्रीमान्ले श्रीमतीसँग सम्बन्ध विच्छेद गर्न सक्ने अवस्था**

१.श्रीमतीले श्रीमान्लाई लगातार ३ वर्ष वा सो भन्दा बढी समयदेखि छोडी अलग बसेमा ।

२.श्रीमान्को ज्यान जाने गरी काम गरेमा ।

३.निको नहुने यौन रोग लागेमा ।

४.श्रीमतीले अर्को पुरुषसँग करणी गरेको ठहरेमा ।

**सम्बन्ध विच्छेदबारे थप कुरा थाहा पाइ राखौं ।**

1. सम्बन्ध विच्छेद पछि बच्चा २७२ दिन भित्र जन्मेको सन्तान अन्यथा जन्मेमा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्ने स्वास्नीको सन्तान ठहर्छ ।
2. आमाले बच्चा पालन पोषण हेरचाह व्यवस्था र बच्चा राख्न पाउने ।
3. सम्बन्ध विच्छेदको मुद्दा टुङ्गो नलागुन्जेल लोग्नेले खान लाउन दिनु पर्ने ।
4. अंश नलिइ सो वापत खर्च माग गर्न सकिने ।
5. नाता कायम गर्न सकिने ।

**छलफल गर्नुहोस् ।**

सम्बन्ध विच्छेदका बारेमा छलफल गर्नुहोस् ।

# घरेलु हिंसा



हरिसँग मीराको विवाह भएको झण्डै ५ वर्ष भयो । मीरा र उनको श्रीमान् बीच राम्रो मेलमिलाप थियो ।



विवाहको २ वर्ष पछि उनीहरुको एउटा छोरो जन्मियो । प्रायजसो फुर्सदको बेला हरि कतै नगई मीरालाई घरको काममा सघाइ दिन्थे । उनीहरु दुबैजना खुशी थिए ।




केही वर्षपछि हरिको व्यवहार फरक हुँदै आयो । उनको खराब संगत भयो । सँधैजसो रक्सी पिएर आउने मीरालाई गाली गर्ने, कुट्ने गर्न थाल्यो । मीरालाई खान लाउन दिन पनि छाड्यो ।



**याद गरौं :**
**हरिले मीरामाथी गरेको व्यवहार घरेलु हिंसा हो ।**

त्यसपछि मीराले प्रहरी कार्यालयमा उजुरी गरिन् । उजुरी गरेपछि हरिलाई प्रहरी कार्यालयमा झिकाए । श्रीमती कुटेमा हुने सजाय बारेमा सम्झाए । एक पटकको लागि उनीहरुलाई मेलमिलाप गरी पठाए ।

अहिले हरिको बानीमा सुधार भएको छ । फेरि उनीहरुको दाम्पत्य जीवनमा खुशियाली आएको छ ।



घरेलु हिंसा भएको ठहरेमा ३ हजार देखि २५ हजारसम्मको जरिवाना वा ६ महिनासम्म कैद हुन सक्छ ।

परिवार वा छिमेकमा कसैलाई पनि कुटपिट गर्न हुन्न । कुटपिट भएमा कानूनमा यस्तो व्यवस्था छ ।

**घरेलु हिंसा भएमा उजुरी गर्ने समय : ९० दिन**

**कुटपिटमा हुने सँजाए :**

- साधारण कुटपिटमा ३ वर्ष सम्मको कैद हुन्छ ।
- हतियार प्रयोग गरी कुटपिट गरेमा ६ वर्ष सम्म कैद हुन्छ ।
- अंगभंग नै हुने गरी कुटपिट गरेमा १० वर्ष सम्म कैद हुन्छ ।
- कुटपिटको अवस्था हेरी भिन्न भिन्नै सँजाय दिन सक्छ ।

१. घाउ खर्च दिलाउने
२. जरीवाना गर्ने
३. कैद गर्ने

**थाहापाई राखौं ।**
**एउटै घरभित्र बस्ने परिवारको कुनै पनि सदस्यले नाता सम्बन्धको दुरुपयोग गरेर सोहि परिवारमा बस्ने अन्य कुनै परिवारका सदस्यमाथि गरिने, शारीरिक, मानसिक, आर्थिक, यौनिक र भावानात्मक दुर्व्यवहार जस्ता अन्याय वा अत्याचारपूर्ण व्यवहारहरु घरेलु हिंसा हुन् ।**

**छलफल गर्नुहोस् ।**
घरेलु हिंसा भित्र कुन कुन कुरा पर्छन् ? लेख्नुहोस् ।

# अपुताली सम्पत्ति

मेरो नाम सरिता हो । म ४ वर्षको हुँदा बुवाको मृत्यु भएको थियो । बुवा बितेको १ वर्षपछि आमाको पनि मृत्यु भयो । त्यसपछि मलाई काकाले पाल्नुभयो । पछि काकाले नजिकैको गाउँमा विवाह गरिदिनु भयो ।

एकदिन काकाले मेरो बाजेको जग्गा बेच्न लागेको कुरा सुने । म काकालाई भेट्न गएँ । “काका तपाईंले जग्गा बेच्न लाग्नु भएको हो ? भनेर सोधें । उहाँले एक्कासी कराउँदै “हो तँ बिवाह गरेको छोरीले अंश पाउँदैनन् । यो सम्पत्ति मेरो हो म आफूखुशी गर्छु भन्नु भयो । त्यसपछि मैले एकजना वकिलसँग सल्लाह लिएँ । उहाँले “तिम्रो दाजुभाई छैन भने बाबु बाजेको सम्पत्तिमा कानुन अनुसार अपुताली पाई हाल्छौ नि” भन्नुभयो ।

उहाँले अपुताली सम्पत्तिको विषयमा भन्नु भयो ।

**अपुताली भनेको कुनै व्यक्तिको मृत्युपछि उसको सम्पत्ति खाने लोग्ने, स्वास्नी, छोरा वा छोराको छोरा नभएमा सबभन्दा नजिकको नाता पर्नेले सम्पत्ति कानुन अनुसार प्राप्त गर्छ । त्यही सम्पत्तिलाई अपुताली भन्दछ ।**


त्यसपछि मैले जिल्ला अदालतमा मुद्दा हाले । मुद्दा हालेको केही वर्ष पछि अदालतले मेरो पक्षमा फैसला सुनायो । त्यसैले हामी महिलाले आफ्नो हक र अधिकारको लागि आवाज उठाउनु पर्छ ।

**छलफल गर्नुहोस् ।**

अपुतली अंशबारे छलफल गर्नुहोस् ।

# मानव बेचविखन तथा ओसारपसार


मेरो नाम केशरी हो । मेरो आमा बाबु खेतीपाती गर्नुहुन्थ्यो तै पनि खान लाउन पुग्दैनथ्यो । अरु साथीहरु स्कूल गएको देख्दा मलाई निकै छट्पटी हुन्थ्यो । म अरुको घरमा काम गर्थे । बिहान बेलुका भाइ बहिनीलाई स्याहार गर्दै मेरो दिन बितिरहेको थियो ।



एकदिन गाउँको एकजना चिनेको केटा आएर बा आमासँग भने "केशरीलाई शहरमा काममा लगाइ दिन्छु धेरै पैसा कमाउछे । तपाईहरुको दुःखको दिन जानेछ" । उसको कुरा सुनेर आमा बुबा मख्ख परे मलाइ उसँग पठाउने निधो गरे ।



त्यसपछि मलाई तिनीहरुले ठूलो शहरमा पुऱ्याए । पछि थाहा भयो तिनीहरु त केटी बेच्ने दलाल रहेछ । मलाई मुम्बाईको एक ठाउँमा लगेर बेचेर भागेछ । मलाई जबरजस्ती यौन व्यापारमा लगाइयो ।



केही वर्षपछि मलाई एच.आइ.भी संक्रमण भयो । मलाइ एड्स लागेछ र त्यो ठाउँबाट फर्काइ दिए । त्यसपछि म गाउँमा फर्के ।



अहिले म गाउँमा जनचेतना जगाउने काम गर्दैछु । नचिनेको मानिसको विश्वास गर्दा केटीहरु दलालको जालमा पर्दा रहेछन् । विदेशमा मात्र नभई आफ्नै देशमा पनि काम दिने बाहनामा यौन शोषणबाट पिडित भई काम गर्नुपर्ने रहेछ । आमा बाबुले यस्ता कुरा थाहा नहुँदा हामी दलालको जालमा पर्छौं । त्यसैले सबैले बेलैमा होश पुऱ्याऔं ।

**मानब बेचविखन ओसारपसार भन्नाले मानिसलाई बिक्री गर्ने उद्देश्यले देश भित्र वा बाहिर एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा लगी बिक्रि गर्ने वा अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउने कार्यलाई जनाउँछ । यो महिला माथि हुने गम्भीर प्रकारको हिंसा हो ।**

**बेचविखनमा संलग्न अपराधीलाई सजाय**

- मानिस किन्ने र बेच्नेलाई २० वर्ष कैद र २ लाख जरिवाना
- बेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार १० देखि १५ वर्षसम्म कैद र पचास हजार रुपैंया जरिवाना
- वेश्यागमन गर्नेलाई एक महिना देखि तीन महिना सम्म कैद र दुई हजार रुपैंया जरिवाना हुन्छ ।
- विदेश लैजानेलाई १०-१५ वर्ष सम्म कैद र ५० हजार सम्म जरिवाना र बालबालिका लगेको भए १५-२० वर्ष कैद र १-२ लाख जरिवाना हुन्छ ।
- नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद, १ लाख जरिवाना हुन्छ ।
- आफ्नो संरक्षणमा रहेको हाडनाताको व्यक्तिलाई बेचबिखन गरेमा दश प्रतिशत थप सजाय हुन्छ ।


छलफल गर्नुहोस् ।

तपाईले सुनेको बेचविखन सम्बन्धी घटना बारेमा छलफल गर्नुहोस् ।


# बाल अधिकार



गीता दिनहुँ पोसिलो खाना खान पाउँछिन् । पोसिलो खाना खान पाउनु बालबालिकाको अधिकार हो ।





उनलाई बाआमाले स्कूल पठाउनु हुन्छ । राम्रो शिक्षाको अवसर पाउनु बाल अधिकार हो ।



गीता स्कूलबाट फर्केपछि साथीभाईसँग मिलेर खेल्छिन् । घरमा आमालाई काममा सघाउँछिन् । आराम गर्छिन् । आराम र रमाइलो गर्न पाउनु बाल अधिकार हो ।

गीता बेला बेलामा स्वास्थ्य जाँच गराउँछिन् । त्यसैले उनी निरोगी छिन् ।



प्रत्येक बालबालिकाले पढ्ने, खेल्ने, आराम गर्ने स्वस्थ्य भएर बाँच्न मौका पाउनु नै बाल अधिकार हुन् ।

**थाहा पाइ राखौं**

- प्रत्येक बालबालिकाले शिक्षा पाउनु, राम्रो स्याहार, पोसिलो खाना, उचित स्वास्थ्य उपचारको सुविधा पाउनु, अन्याय, दुर्व्यवहार, बेचविखन, यौन शोषणबाट जोगिन पाउनु बाल अधिकार हो ।
- खोप लगाउन पाउनु पर्ने पनि बाल अधिकार हो ।
- बाल अधिकारका लागि परिवारका ठूला मान्छेले ध्यान दिनुपर्छ ।
- आमा बाबुबाट माया, ममता, स्याहार पाउनु पनि उनीहरुको अधिकार हो
- बालबालिकाको जन्म दर्ता गर्नु, नागरिकता प्राप्त गर्नु बाल अधिकार हो ।


**छलफल गर्नुहोस् ।**

तपाईंको परिवारमा बालबालिकाले कुन कुन अधिकार पाएका छन् ? छलफल गर्नुहोस् ।

# नागरिकताको प्रमाण पत्र




## नागरिकताको प्रमाण पत्र किन चाहिन्छ ?



## नेपाली नागरिकता किन चाहिन्छ ?

- आफ्नो हक अधिकारको प्रयोग गर्न
- जागिर खान
- घर, जग्गा, सम्पत्ति किन्न बेच्न
- नेपाली भनेर आफ्नो परिचय दिन
- शिक्षा प्राप्त गर्न
- राहदानी बनाउन
- विदेशमा जान
- बैदेशिक रोजगारीमा जान
- रोजगारीको हक पाउन
- व्यापार व्यवसाय गर्न
- राजनीतिमा भाग लिन
- मतदान गर्न
- उम्मेदवार बन्न
- बैंक खाता खोल्न आदि

## नागरिकता लिन के के गर्नुपर्छ ?



**नेपाली नागरिकता प्राप्तिका लागि आवश्यक कागजातहरु**

- जन्म दर्ता
- विवाह दर्ता
- बाबु वा आमाको नागरिकताको प्रमाण पत्रको फोटोकपी
- गा.वि.स. वा नगरपालिकाको सिफारिस पत्र
- बाबु वा आमा नभए नजिकको आफन्तको नागरिकताको प्रमाण पत्र
- बाबु वा आमाको मृत्यु भएमा मृत्यु दर्ता प्रमाण पत्र

नागरिकता प्रमाण पत्र लिन जिल्ला प्रसाशन कार्यालयमा गई फारम भर्नु पर्दछ । त्यहाँ मागे अनुसार निवेदन, शिफारिस, फोटो आदि पेश गर्नु पर्दछ ।

**नेपाली नागरिकता भएमा प्राप्त गर्न सकिने सुविधाहरु**

- शिक्षाका लागि छात्रबृत्ति प्राप्त गर्न सकिने
- नोकरीका लागि महिला, जनजाति, मधेशी, दलित, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिहरुलाई गरिएको आरक्षणमा आवेदन दिई रोजगारीको सुविधा प्राप्त गर्न सकिने ।

**नेपाली नागरिकता नभएमा पुग्ने बाधाहरु**

सरकारद्धारा वितरण गरिने निम्न सुविधाहरुबाट बञ्चित हुनु पर्ने छ :

- विधवा भत्ता, अपाङ्गताको भत्ता, बृद्ध भत्ता, दलित भत्ता
- महिलाको नाममा घर जग्गा खरिद गर्दा राजश्वमा पाइने छुट
- विदेश भ्रमण गर्न राहदानी बनाउने सुविधा

**छलफल गर्नुहोस ।**

नागरिकताको प्रमाण पत्र किन चाहिन्छ । कसरी लिन सकिन्छ ? छलफल गर्नुहोस् ।

## व्यक्तिगत घटना दर्ता

### – जन्म दर्ता



आफ्नो सन्तानको जन्म भएपछि अभिभावकले ३५ दिन भित्र जन्म दर्ता गराउनु पर्छ । यदि उक्त म्याद भित्र नगरेमा जरिवाना तिरी जन्म दर्ता गर्न पाइन्छ ।

**जन्म दर्ता गराउन किन आवश्यक छ ?**

- बालबालिकाको जन्म मिति ठहर गर्न ।
- जन्मेको बच्चाको नाता किटान गर्न सजिलो हुन्छ ।

- कानूनी तथा पारिवारिक अधिकारहरु पाउन सजिलो हुन्छ ।
- नेपालको वास्तविक बालबालिकाहरुको जनसंख्याको तथ्यांक राख्न सजिलो हुनेछ ।
- बाल न्याय प्राप्त गर्न सजिलो हुन्छ ।
- शोषण तथा दुर्ब्यवहारबाट संरक्षण प्राप्त गर्न सकिन्छ ।
- विद्यालय भर्ना गर्न जन्म दर्ता आवश्यक हुन्छ ।
- नागरिकता लिन जन्म दर्ता पनि आवश्यक हुन्छ ।
- सम्बन्धित स्थानीय निकायमा बालबालिकाहरुको जन्मको तथ्याङ्क राख्न सजिलो हुन्छ ।

**छलफल गर्नुहोस् ।**

जन्म दर्ताको आवश्यकता बारे छलफल गर्नुहोस् ।

## – विवाह् दर्ता



कुनै पनि उमेर पुगेका महिला र पुरुषले आफ्नो धर्म, परम्परा, रीतिरिवाजले वा आफै राजीखुसीले विवाह गरेको ३५ दिन भित्र स्थानीय निकायमा आफ्नो विवाहको दर्ता अनिवार्य रुपमा गर्नु पर्छ । उक्त म्याद भित्र विवाह दर्ता नगराएको भए उक्त म्याद पछि जरिवाना तिरी दर्ता गराउन सकिन्छ ।

## विवाह दर्ता गर्न किन आवश्यक छ ?

- विवाह दर्ता गरेमा कानूनी रुपमा श्रीमान् श्रीमती बिचको नाता सम्बन्ध स्थापित हुन्छ ।
- बच्चाहरुको जन्म दर्ता गर्न सजिलो हुन्छ ।
- नागरिकता लिन सजिलो हुन्छ ।
- विवाह दर्ता गरेको अवस्थामा श्रीमान्ले विवाह गरेको छैन भनी बहु विवाह, ढाँटी विवाह गर्न लागेमा विवाह गर्नेलाई सजायँ दिलाउन सकिन्छ ।
- सम्बन्ध बिच्छेद गर्नु पर्ने अबस्था भएमा विवाह दर्ताको कागज पेश गर्नु पर्छ ।
- अंश माग गर्नको लागि नाता प्रमाणित गर्न सजिलो हुन्छ ।
- विवाहित महिलालाई विदेश भ्रमणको लागि आवश्यक कागजात तयार पार्न, पासपोर्ट लिन सजिलो हुन्छ ।
- मानव बेचविखन तथा ओसारपसार नियन्त्रण गर्नमा सघाउ पुग्छ ।

## छलफल गर्नुहोस् ।

आ-आफ्नो समुदायमा विवाह दर्ता गर्ने गरेका छन् छैनन् । विवाह दर्ताको आवश्यकता बारे छलफल गर्नुहोस् ।

## – मृत्यु दर्ता

कुनै घर परिवारका कुनै सदस्यको मृत्यु भएमा मृत्यु भएको ३५ दिन भित्र स्थानीय निकायमा मृतकको नजिकको नाता सम्बन्ध भएका व्यक्तिहरु गई मृतकको मृत्यु भएको प्रमाण (अस्पतालमा मृत्यु भएको भए त्यहाँबाट मृत घोषित गरेको कागज सहित ) पेस गरी मृत्यु दर्ता गराउनु पर्छ । यो स्थानीय निकाय गा.वि.स. /न.पा. मा गर्नुपर्छ ।

**मृत्यु दर्ता गराउन किन आवश्यक छ ?**

- मृत्यु सम्बन्धी कानुनी प्रमाणको लागि मृत्यु दर्ता गर्न आवश्यक हुन्छ ।
- मृतक र उसको हकवालासँगको नाता सम्बन्ध प्रमाणित गर्नको लागि सजिलो हुन्छ ।
- मृतकको नाममा रहेको सम्पत्ति उसको हकवालामा नामसारी गर्न सजिलो हुन्छ ।
- मृतकको नाम निर्वाचन आयोगको मतदाता नामावलीबाट हटाउन सकिने छ ।
- जनगणनामा मृतकको नाम हटाई सहि जनसंख्याको तथ्याङ्क प्राप्त गर्न सकिन्छ ।
- महिलालाई एकल महिलाको भत्ता प्राप्त गर्न सरल हुन्छ ।
- जालसाजी र झुठ्ठा काम कारबाहीमा नियन्त्रणमा सहयोग हुनेछ ।

**छलफल गर्नुहोस् ।**

मृत्यु दर्ता गर्नाले के फाइदा पुग्दो रहेछ ? छलफल गर्नुहोस् ।

## – नाता प्रमाणित दर्ता

घर परिवारमा कुनै सदस्यको नाममा सम्पत्ति रहेको छ र त्यस्तो सदस्यको मृत्यु भएमा त्यस व्यक्तिसँग सम्बन्ध भएका परिवारका सबै सदस्यहरु सम्बन्धित गा.वि.स. वा नगरपालिका वा वडा कार्यालयमा गई मृत व्यक्तिसँग के नाता सम्बन्ध पर्ने हो, सो खुलाई नाता प्रमाणित दर्ता गर्नु पर्छ ।

**नाता प्रमाणित दर्ता किन आवश्यक छ ?**

नाता प्रमाणित गरेको अवस्थामा मृत व्यक्तिको नाममा रहेको सम्पत्ति कस-कसलाई बाँडफाँड वा बण्डा गर्नु पर्ने हो, सो कुराको स्पष्टता हुन्छ ।

**छलफल गर्नुहोस् ।**

नाता प्रमाणित दर्ता किन आवश्यक छ ? छलफल गर्नुहोस् ।

## – बसाई सराई दर्ता



एउटा जिल्लाबाट अर्को जिल्लामा बसाइँ सराइँ गरेको छ भने त्यस्तो अवस्थामा आफुले पहिले बस्दै आएको जिल्लाबाट बसाइँ सराइँको कागज बनाई जुन जिल्लामा स्थायी बसोबास गर्न लागेको हो, त्यस जिल्लाको सम्बन्धित गा.वि.स. वा नगरपालिका वा वडा कार्यालयमा सो कागज बुझाउनु पर्छ । यसपछि स्थायी बसोबास गरेको प्रमाण लिनुपर्छ ।


**बसाई सराई दर्ता किन आवश्यक छ ?**

- बसाइँ सराइँको दर्ता गरिएमा त्यस क्षेत्रको स्थानीय बासिन्दाको आधारमा पाउनु पर्ने सुविधा सहुलियत सजिलैसित प्राप्त गर्न सकिन्छ ।
- स्थानीय बासिन्दाको आधारमा सम्बन्धित जिल्लाबाट नागरिकता प्राप्त गर्न सकिन्छ ।
- सो जिल्लाको मतदाता नामावलीमा नाम समावेश गर्न सकिन्छ ।
- स्थानीय निकायको चुनावमा भाग लिन सकिन्छ ।
- सम्बन्धित जिल्लाबाट राहदानी बनाउन सकिन्छ ।

**छलफल गर्नुहोस् ।**

बसाइ सराईंको दर्ता किन गर्नुपर्छ छलफल गर्नुहोस् ।

## – सम्बन्ध विच्छेद दर्ता



विवाहित दम्पत्ति बीच आपसी सम्बन्ध राम्रो हुन नसकेमा त्यस्ता श्रीमान् श्रीमतीले कानूनी रुपमा बैवाहिक सम्बन्ध बिच्छेद गर्नुलाई सम्बन्ध बिच्छेद भनिन्छ । नेपालको कानूनले महिला र पुरुषलाई सम्बन्ध बिच्छेद गर्न अधिकार दिएको छ । अदालतबाट सम्बन्ध विच्छेद भई सकेपछि महिला वा पुरुषले सम्बन्धित स्थानीय निकायमा गई अदालतबाट भएको फैसलाको कागज सहित सम्बन्ध बिच्छेदको सूचना दर्ता गर्नु पर्छ ।

**सम्बन्ध बिच्छेद दर्ता गर्न किन आवश्यक छ ?**

- सम्बन्ध बिच्छेदको कानूनी प्रमाणको लागि,
- नगरिकता, राहदानी बनाउन वा परिवर्तन गर्न,
- सम्बन्ध बिच्छेद पश्चातको अधिकारको सुनिश्चित गर्न
- अर्को विवाह गर्न

**छलफल गर्नुहोस् ।**

सम्बन्ध विच्छेदको दर्ता गर्नाले के के फाइदा हुन्छ ? छलफल गर्नुहोस् ।

## हदम्याद

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना घटेको ३५ दिन भित्र सम्बन्धित स्थानीय निकायमा फाराम भरी दर्ता गर्नुपर्छ ।

- व्यक्तिगत घटना नेपाल बाहिर घटेको रहेछ भने सो बमोजिमको घटनाको सूचना दिनु पर्ने व्यक्ति नेपालमा आएपछि ६० दिनभित्र सूचना दिनुपर्छ ।
- त्यस्तो सूचना दिनु पर्ने कर्तब्य भएको व्यक्तिले त्यस्तो सूचना दर्ता गराउनको लागि कुनै व्यक्तिलाई अधिकृत वारिस राख्न सक्ने छ ।
- सम्बन्धित निकायमा ३५ दिनभित्र आएका व्यक्तिहरुको रु ८।- (आठ) लिएर घटनाको दर्ता गरिदिनु पर्छ ।
- काबु बाहिरको परिस्थिति परी व्यक्तिगत घटना दर्ता गर्न नसकेको अवस्थामा बढीमा पचास रुपैयाँ लिई दर्ता गर्नुपर्छ ।
- सम्बन्धित निकायले दर्ता गरिसकेपछि निशुल्क प्रमाण पत्र दिनुपर्छ ।
- यदि कसैको व्यक्तिगत घटना दर्ता प्रमाण पत्र हराएको अवस्थामा पुनः सम्बन्धित निकायमा निवेदन दिई थप दस्तुर तिरेर अर्को प्रमाण पत्र लिनुपर्छ ।
- झुटो विवरण दाखिला गरी दर्ताको प्रमाण लिएको रहेछ भने सो कुरा प्रमाणित हुन आएमा त्यस्तो दर्ताको प्रमाण रद्द हुनेछ ।

**दर्ता भएको नाम, उमेर, जात निःशुल्क सच्याउन सकिने**

- यदि कुनै जन्मेको बच्चाको नाम, उमेर, जात एक पटक दर्ता भई प्रमाण पत्र लिई सकेपछि फेरि सच्याउनु परेमा प्रमाण पत्र लिएको मितिले ६ महिनाभित्र सम्बन्धित पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाचाँमा दरखास्त दिन सकिने छ ।
- यसरी सच्याउनको लागि दरखास्त परिसकेपछि पञ्जिकाधिकारीको कार्यालयले छानविन गरी उमेर, नाम, जात सच्याई दिन सक्ने छ ।

**दण्ड सजाय**

- कसैले अरुलाई दुःख दिने वा व्यक्तिगत लाभ गर्ने नियतले भूटो व्यक्तिगत घटनाको सूचना दिएको प्रमाणित भएमा त्यस्तो भूटो सूचना दिने व्यक्तिलाई बढिमा रु.१००।-सम्म जरिवाना वा १ महिना सम्म कैद वा दुबै सजाय हुनेछ र भइसकेको दर्ता रद्द हुनेछ ।
- कसैले व्यक्तिगत घटना दर्ता गराउन आउने व्यक्तिलाई दर्ता गराउन रोकेको वा छेकथुन वा भड्काएको ठहरेमा निजलाई बढीमा रु २००।- (दुई सय) सम्म जरिवाना हुनेछ ।

**नेपाल सरकार वादी हुने**

यस्तो सजाय हुने मुद्दामा नेपाल सरकार वादी हुने छ ।

**छलफल :**

हदम्यादबारे छलफल गर्नुहोस् ।




## थप जानकारीको लागि

अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपाल
फोन नं : ५५३४४१६, फ्याक्स : ५५४१६८९
पो.ब.नं. : २७० सातदोबाटो, ललितपुर
इमेल : nrc-nfe@acculrc.wlink.com.np
वेब साइट : www.nrc-nfe.org.np